## संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ मनाउने सन्दर्भमा २०८३ भाद्र २९ गते बसेको बैठकको निर्णयहरू

**निर्णय नं. १**

संविधान दिवस एवम् राष्ट्रिय दिवस, २०८३ प्रदेशस्तरमा भव्यताका साथ मनाउने सन्दर्भमा माननीय मुख्यमन्त्री किरण थापा मगरज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरू रहेको **संविधान दिवस** तथा राष्ट्रिय दिवस, २०८३ बागमती प्रदेश मूल समारोह समिति गठन गर्ने निर्णय गरियो।

| क्र.सं. | पदाधिकारी | जिम्मेवारी |
|---|---|---|
| १ | माननीय मुख्यमन्त्री, बागमती प्रदेश | अध्यक्ष |
| २ | माननीय मन्त्री (सबै), बागमती प्रदेश मन्त्रिपरिषद् | सदस्य |
| ३ | माननीय उपसभामुख, बागमती प्रदेश सभा | सदस्य |
| ४ | प्रमुख, जिल्ला समन्वय समिति, मकवानपुर | सदस्य |
| ५ | प्रमुख सचिव, बागमती प्रदेश | सदस्य |
| ६ | प्रदेश सभा सचिव, बागमती प्रदेश सभा | सदस्य |
| ७ | प्रमुख, हेटौंडा उपमहानगरपालिका | सदस्य |
| ८ | मा.न्यायाधीश, उच्च अदालत पाटन हेटौंडा इजलास | सदस्य |
| ९ | मुख्य न्यायधिवक्ता, बागमती प्रदेश | सदस्य |
| १० | अध्यक्ष, प्रदेश लोक सेवा आयोग,बागमती प्रदेश | सदस्य |
| ११ | उपरथी, नेपाली सेना, मध्य पृतना, बागमती प्रदेश | सदस्य |
| १२ | प्रदेश सचिव (सबै), बागमती प्रदेश | सदस्य |
| १३ | जिल्ला न्यायाधीश (सबै), जिल्ला अदालत मकवानपुर | सदस्य |
| १४ | प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, मकवानपुर | सदस्य |
| १५ | प्रमुख, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, प्रादेशिक कार्यालय, हेटौंडा | सदस्य |
| १६ | प्रमुख प्रशासकीय अधिकृत, हेटौंडा उपमहानगरपालिका | सदस्य |
| १७ | प्रहरी नायब महानिरीक्षक, नेपाल प्रहरी, बागमती प्रदेश प्रहरी कार्यालय | सदस्य |
| १८ | प्रहरी नायब महानिरीक्षक, सशस्त्र प्रहरी बल नेपाल नं ३ गढीमाई बाहिनी मुख्यालय, भण्डारा, बागमती प्रदेश | सदस्य |

(प्रमुख सचिव)

(मुख्यमन्त्री)

| | | |
|---|---|---|
| १९ | अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभाग, बागमती प्रदेश कार्यालय, हेटौंडा | सदस्य |
| २० | रजिष्ट्रार, प्रदेश सञ्चार रजिष्ट्रारको कार्यालय | सदस्य |
| २१ | सदस्य- सचिव, प्रदेश खेलकुद विकास परिषद् , बागमती प्रदेश | सदस्य |
| २२ | अध्यक्ष, उद्योग वाणिज्य सङ्घ, बागमती प्रदेश | सदस्य |
| २३ | अध्यक्ष, पत्रकार महासङ्घ बागमती प्रदेश | सदस्य |
| २४ | अध्यक्ष, नेपाल रेडक्रस सोसाइटी, बागमती प्रदेश | सदस्य |
| २५ | अध्यक्ष, नेपाल बार एशोसियसन मकवानपुर | सदस्य |
| २६ | अध्यक्ष, गै.स.स. महासङ्घ मकवानपुर | सदस्य |
| २७ | सचिव, आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | सदस्य-सचिव |

निर्णय नं २

संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ भव्यताका साथ मनाउन तपसील बमोजिमका कार्यक्रमहरू तोकिएका जिम्मेवार निकायबाट सञ्चालन गर्ने निर्णय गरियो ।

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| १ | असोज १ गते "संवैधानिक सर्वोच्चता र समृद्ध नेपाल निर्माणमा युवाको भूमिका" विषयक विद्यालयस्तरीय निबन्ध प्रतियोगिता आयोजना तथा व्यवस्थापन गर्ने। निबन्ध प्रतियोगिताका विजेता विद्यार्थीहरूलाई मूल समारोहको कार्यक्रममा पुरस्कार वितरण गर्ने व्यवस्था मिलाउने। | स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय | |
| २ | असोज १ गते मुख्यमन्त्री टिम - प्रमुख सचिव टिमबीच मैत्रीपूर्ण फुटसल खेल आयोजना गर्ने । | स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय | प्रदेश खेलकुद विकास परिषद् |
| ३ | असोज २ गते सार्वजनिक रक्तदान कार्यक्रम तथा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन तथा व्यवस्थापन गर्ने । | स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय | नेपाल रेडक्रस सोसाईटी |

(प्रमुख सचिव)

(मुख्यमन्त्री)

| क.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| ४ | असोज २ गते उपयुक्त स्थान पहिचान गरी वृक्षारोपण कार्यक्रमको आयोजना तथा व्यवस्थापन गर्ने। | कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय | |
| ५ | असोज २ र ३ गते सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, सङ्घ संस्थाले आफ्नो परिसर सरसफाई गर्ने। साथै नगर क्षेत्रको विशेष सरसफाईको व्यवस्थापन गर्ने । | सम्वन्धित सबै निकाय, हेटौंडा उपमहानगरपालिका | सबै मन्त्रालय/ कार्यालय |
| ६ | असोज २ र ३ गते सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, सङ्घ संस्थाका कार्यालयहरूको छत, बरण्डा र परिसरमा निर्धारित ढाँचाका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ दीप प्रज्वलन गर्ने । प्रदेशवासी आम नागरिकहरूलाई समेत असोज २ र ३ गते साँझ आ-आफ्नो घर परिसरमा दीपावली गर्न आह्वान गर्ने । प्रदेश राजधानीको बुद्ध चोक र बसपार्कमा राष्ट्रिय झण्डा फहराउने व्यवस्था आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालयले गर्ने। | सम्बन्धित सबै निकाय | |
| ७ | असोज ३ गते विहान ८:०० वजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्राङ्गणमा संविधान दिवस एवम् राष्ट्रिय दिवस, २०८३ प्रदेशस्तरीय मूल समारोह आयोजना गर्ने । | आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ८ | असोज ३ गतेको मूल समारोहमा स्थानीय संस्कृति तथा भेषभूषा झल्कने झाँकीको व्यवस्थापन गर्ने। | उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय | |
| ९ | मूल समारोहमा प्रदेश सरकारको तर्फबाट माननीय प्रदेश प्रमुखज्यूलाई प्रमुख अतिथीको रुपमा आमन्त्रण गर्ने। प्रमुख अतिथीको लागि सलामीको व्यवस्थापन नेपाली सेनाको नेतृत्वमा नेपाल प्रहरी र सशस्त्र प्रहरीले संयुक्त रुपमा समन्वय गरेर गर्ने । | प्रदेशस्थित सुरक्षा निकायहरू | आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय |

(प्रमुख सचिव)

(मुख्यमन्त्री)

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| १० | बागमती प्रदेश सरकारका निवर्तमान मुख्यमन्त्री एंव बागमती प्रदेश सभाका प्रमुख प्रतिपक्ष दलका नेता, बागमती प्रदेश सरकारका पुर्व मुख्यमन्त्री (सवै), बागमती प्रदेश सभामा प्रतिनिधित्व गर्ने सबै दलका नेता, विभिन्न विषयगत समितिका माननीय सभापति र प्रदेश सभाका माननीय सदस्यहरूलाई निमन्त्रणा गर्ने । | प्रदेश सभा सचिवालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ११ | मूल समारोहमा शैक्षिक संस्थाबाट शिक्षक तथा विद्यार्थीको सहभागिताका लागि समन्वय गर्ने। | हेटौडा उपमहानगरपालिका | मकवानपुर स्थित विद्यालयहरू |
| १२ | मूल समारोहमा स्थानीय तह, राजनैतिक दल, गैर सरकारी सङ्घसंस्था, उद्योग वाणिज्य सङ्घ लगायत आम नागरिकको अधिक सहभागिताको लागि आह्वान गर्ने । | जिल्ला समन्वय समिति, मकवानपुर | |
| १३ | असोज १,२ र ३ गते आफ्नो वेवसाइटको होमपेजमा "संविधान दिवस तथा राष्ट्रिय दिवस २०८३ भव्य रूपले मनाऔं" पपअप देखाउने व्यवस्था मिलाउने। | प्रदेशस्थित सबै मन्त्रालय/निकाय/ कार्यालय | |
| १४ | संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ को उपलक्ष्यमा स्थानीय पत्रिकामा शुभकामना सन्देश प्रकाशन गर्ने । | आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | प्रदेश सञ्चार रजिष्ट्रारको कार्यालय |